गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(बैठक तथा प्रशासन शाखा)

पत्र संख्या :२०८०/८१

चलानी नं.:

पोखरा,
नेपाल ।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

## तह वृद्धि गर्ने सम्बन्धी सूचना

सूचना नं. : ०१/२०८०-८१ (तहबृद्धि)

सूचना प्रकाशन मिति : २०८०/०९/२५

गण्डकी प्रदेश निजामती ऐन, २०७९ को दफा २८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रको पदमा तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। सो ऐनको दफा ३२ बमोजिमको नकरात्मक सूचीमा नपरेका, तह वृद्धि हुनेभन्दा एक तहमुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा यस कार्यालय र मातहत निकायमा कार्यरत गण्डकी प्रदेश निजामती सेवाका स्थायी इच्छुक कर्मचारीहरूले आवेदन फाराम भरी महाशाखा प्रमुखबाट प्रमाणित गराई दुई प्रतिका दरले तयार गरी मिति २०८०/१०/०५ गते सम्ममा यस कार्यालयको बैठक तथा प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ।

टेलिफोन नं.: ०६१-४५७६४८, ४५७६६४, ४६८००३, हेल्लो CM टोलफ्रि नं.: १०९४ वेबसाइट: ocmcm.gandaki.gov.np इमेल: ocmcm.gandaki@gmail.com, ocmcm@gandaki.gov.np